# धादिङ जिल्ला अदालतको सूचना ।।।

विश्वभर फैलिदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको जोखिम रोकथाम, नियन्त्रण र उपचार व्यवस्थालाई थप प्रभावकारी बनाउन स्थानीय प्रशासनबाट यस जिल्ला भित्र मिति २०७८।०१।२१ गते देखि मिति २०७८।०२।२२ गते सम्म निषेधाज्ञाको आदेश जारी भएको सन्दर्भमा यस अदालतको मिति २०७८/०२/१६ गतेको पूर्ण बैठकको निर्णयबाट तपसीलमा उल्लेख भए बमोजिमका कामकारवाही मात्र सम्पादन हुने र अन्य सेवाहरु स्थगन गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने,

२. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन,

३. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने,

४. बालसुधार गृँहमा रहेका बालबालिका जिम्मा लिने विषयसंग सम्बन्धित निवेदन,

५. प्रहरीद्वारा पक्राउ परि आएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी,

६. मिलापत्र, मुद्दा फिर्ता,

७. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,

८. मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा,

९. मिति २०७८।०२।२२ गते पश्चातका काम्कारवाही सम्बन्धमा पुनः निर्णय भएअनुसार हुने ।